CDC Journal, Year 31, No. 45, December 2023, DOI: https://doi.org/10.3126/cdj.v31i45.68996
Received Date: November 26, 2023 Accepted Date: April 30, 2024

# टाइपिस्ट कथामा लैङ्गिक सचेतना

**त्रिभुवन बरई**
*भैरहवा बहुमुखी क्याम्पस, त्रि.वि.*
***Email:*** *ribhuwanbarai455@gmail.com*

## लेखसार

*प्रस्तुत लेखमा लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा भवानी भिक्षुद्वारा लिखित 'टाइपिस्ट' कथाको मूल्याङ्कन गरिएको छ । 'टाइपिस्ट' कथामा लैङ्गिक सचेतनाका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ भन्ने जिज्ञासाको परिपूर्ति गर्नाका निम्ति यो अध्ययन गरिएको हो । प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारलाई आधार मानी गुणात्मक र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्णता प्रदान गरिएको छ । समन्यायको अवधारणाको अभिव्यक्ति, लैङ्गिक प्रतिप्रभुत्वको प्रस्तुति तथा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा सूचकका केन्द्रीयतामा प्रस्तुत कथाको मूल्याङ्कन यस अध्ययनमा गरिएको छ । यस लेखको अन्त्यमा मानव हुनुको गरिमालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेद र उत्पीडनलाई किनाराकृत गरी इमानदारी र जवाफदेहिताका साथ पुरूषले महिलाको र महिलाले पुरूषको अस्तित्व र अस्मितालाई स्विकार्ने, एउटा पक्षले अर्को पक्षलाई हार्दिक प्रेम गर्ने, आपसी समन्वय र सहकार्यमा जीवन बिताउनेजस्ता कुराहरूलाई सर्वोपरि महत्त्व दिँदा समाजबाट लैङ्गिक विषमता हटी सामाजिक समानता कायम भई समतामूलक समाजको स्थापना हुने र त्यस कार्यले समग्र मानवजीवनमूल्य र मानवीय श्रेष्ठता कायम भई लोकमङ्गल हुने सचेतनासम्बन्धी विचारको सञ्चार यस कथामा गरिएको एवम् यस्तो जनहितकारी विचारधारालाई जीवन्त, कलात्मक र प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा सशक्त रूपमा रहेको तथा साहित्यकारलाई लैङ्गिक समता र समविकासको केन्द्रीयतामा साहित्यिक कृतिको रचना, समालोचक र अध्येतालाई लैङ्गिक समालोचनाका आधारमा साहित्यिक कृतिको अध्ययन एवम् पाठकलाई लैङ्गिक समानता, सहकार्य र समन्यायको अवधारणाअनुसारको आचरण र व्यवहार अपनाई मानवजीवनको गरिमा, श्रेष्ठता र सार्थकता सिद्ध गर्ने कार्यमा सघाउने सार प्राप्त हुनुलाई निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** *पितृसत्ता, प्रतिप्रभुत्व, लैङ्गिकता, शक्तिसम्बन्ध, समता ।*

## विषयपरिचय

पितृसत्तात्मक सामाजिक र सांस्कृतिक संरचनागत प्रभुत्वलाई हटाई लैङ्गिक विभेदरहित समतामूलक समाजको स्थापनाका माध्यमबाट लोकमङ्गलकारी विमर्शको प्रस्तुतिमा आधारित 'टाइपिस्ट' नेपाली साहित्यका विशिष्ट कथाकार भवानी भिक्षुद्वारा लिखित लैङ्गिक सचेतनायुक्त महत्त्वपूर्ण कथा हो । पितृसत्तात्मक सामाजिक र सांस्कृतिक संरचनाका आडमा महिला जातिलाई किनाराकृत गरी पारिवारिक जीवन सुखद र समुन्नत हुन नसक्ने नेपाली समाजको वास्तविकताको चित्रणमा आधारित यस कथाका माध्यमबाट कथाकार भिक्षुले लैङ्गिक समन्याय तथा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धबाट मात्र पारिवारिक जीवन सहज र सुखद हुन सक्ने विमर्शको प्रस्तुतिका माध्यमबाट समतामूलक समाजको स्थापनासम्बन्धी आफ्ना विचार व्यक्त गरेका छन् । अतः समग्र मानवसमुदाय, मानव जीवन र मानवतालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेदयुक्त जीवनपद्धतिलाई विस्थापित गरी मानव हुनुको गरिमालाई कायम गर्ने लैङ्गिक विभेदरहित समानतायुक्त जीवनपद्धतिको स्थापनाको परिकल्पनामा आधारित प्रस्तुत कथाका विषयमा शोधपरक अध्ययन गर्नु वाञ्छनीय देखिन्छ ।

लैङ्गिक विभेदका कारण उत्पन्न सामाजिक समस्यालाई जीवन्त र संवेदनशीलताका साथ उठाई लैङ्गिक विभेद र उत्पीडनमा परेका महिला, पुरूष र तेस्रो लिङ्गीका पहिचान, अस्तित्व र मानवअधिकारका पक्षमा आवाज मुखरित गरी लैङ्गिक समतायुक्त समाजको स्थापनामा प्रतिबद्ध रही साहित्यिक कृतिको मूल्यनिरूपण गर्नुपर्ने मान्यता अवलम्बन गर्ने एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार नै लैङ्गिक समालोचना हो । यस अध्ययन पद्धतिले लैङ्गिक आधारमा समाजमा उत्पन्न हरेक प्रकारका समस्याहरूलाई अत्यन्त गम्भीरताका साथ उठाई सम्बद्ध सबै पक्षलाई मानव, मानव जीवन र मानवताप्रति संवेदनशील भई लैङ्गिक समानतायुक्त आचरण र व्यवहार अपनाउन अभिप्रेरित गर्दछ । कलात्मक गद्य भाषामा संरचित लघु आख्यानयुक्त श्रव्यपाठ्य साहित्यिक विधा नै कथा हो । यस्तो साहित्यिक पहिचान आत्मसात् गर्ने एउटा महत्त्वपूर्ण कथाका रूपमा भवानी भिक्षुको 'टाइपिस्ट' कथा रहेको छ । विधातत्त्व र स्वतन्त्र लेखनपद्धतिमा केन्द्रित रही प्रस्तुत कथाका विषयमा केही अध्ययन गरिए पनि लैङ्गिक समविकासको अवधारणाका माध्यमबाट मानवीय जीवनमूल्यको निरूपणमा अहम् भूमिका वरण गर्ने लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कृतिको गहन अध्ययन गर्ने कार्यको रिक्तता देखिन्छ । अतः यसै रिक्तताको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो, तथापि लैङ्गिकताको सिद्धान्तका कोणबाट प्रस्तुत कथाको मूल्याङ्कन गर्नुलाई यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा वरण गरिएको छ । यसै प्राज्ञिक समस्यालाई तथ्यपरक र शोधमूलक ढङ्गले समाधान गर्नाका निम्ति 'भवानी भिक्षुको टाइपिस्ट कथामा लैङ्गिक सचेतनाका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ ?' लाई यस अध्ययनको शोधप्रश्न तथा 'भवानी भिक्षुको टाइपिस्ट कथामा अङ्कित लैङ्गिक सचेतनाका अभिलक्षणहरूको खोजी गर्नु' लाई यस लेखको उद्देश्य बनाइएको छ ।

मौलिक अध्ययन पद्धति र लोककल्याणकारी विचारधारामा आधारित भई पूर्णता प्रदान गरिएको प्रस्तुत लेखले स्रष्टालाई लोकहितकारी साहित्यसिर्जना, द्रष्टालाई साहित्यिक कृतिको मूल्यनिरूपण तथा पाठकलाई मानवजीवनको गरिमा र महत्त्व बुझी सोहीअनुसारको आचरण र व्यवहार अवलम्बन गर्न प्रेरित गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको कुरा स्पष्ट हुन्छ । भवानी भिक्षुको 'टाइपिस्ट' कथाको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत तथा लैङ्गिक समालोचनाका समन्यायको अवधारणाको अभिव्यक्ति, लैङ्गिक प्रतिप्रभुत्वको प्रस्तुति तथा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा विश्लेषणीय अभिलक्षणहरूको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्र मानिएको छ भने भवानी भिक्षुको 'टाइपिस्ट' कथाबाहेकका अन्य कृति तथा लैङ्गिकताका उपर्युक्त प्रारूपबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको कृतिगत र सैद्धान्तिक सीमाका रूपमा वरण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् अर्थापनको विधि र ढाँचालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### सामग्रीसङ्कलन

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा भवानी भिक्षुको 'टाइपिस्ट' कथाको प्रयोग गरिएको छ । उक्त सामग्रीको चयनमा सोद्देश्य नमुना छनोट विधिको उपयोग गरिएको छ । यस अध्ययनका निम्ति निर्धारित विश्लेषणीय प्रारूपका केन्द्रीयतामा उनको मैयाँसाहेब कथासङ्ग्रहभित्रका 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'स्वतन्त्रताको सिंहासन', 'हारजीत', 'गङ्गा', 'सैनिक', 'वन्दना', 'एउटा समस्या', 'माधुरी नानी' र 'माऊजङबाबुसाहेबको कोट' कथाहरूको सूक्ष्म अध्ययन गरी 'टाइपिस्ट' कथामा लैङ्गिक समालोचनाको सशक्त प्रयोग देखिएकाले प्रस्तुत कथाको छनोट गरिएको हो । सहायक सामग्रीका रूपमा लैङ्गिक समालोचनाको सैद्धान्तिक पर्याधार एवम् अर्थापनको विधि र ढाँचाको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक एवम् अध्येताद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ ।

### सैद्धान्तिक पर्याधार

सामाजिक समविकासको अवधारणामा आधारित लैङ्गिक समालोचना साहित्यिक कृतिको मूल्य निर्धारण गर्ने एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार हो । लैङ्गिकताका कारण सिर्जित समस्या र विषयवस्तुलाई अध्ययनीय विषय बनाउने, लैङ्गिक कोणले समाजमा किनाराकृत गरिएका महिला, पुरूष र तेस्रो लिङ्गीहरूको अस्तित्व र मानवअधिकारका पक्षमा आवाज मुखरित गर्ने, मानवसमाजका यावत् उपलब्धि, अवसर र गतिविधिमा लैङ्गिक समानता र भागेदारीयुक्त सहभागिताको अपेक्षा

राख्ने, महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड दिने, मानवतालाई मानवीय आचरण र लोकव्यवहारको आधार मान्ने तथा लैङ्गिक समतायुक्त समाजको परिकल्पना गर्ने अभीष्टका साथ स्थापित साहित्यिक कृतिको मूल्यनिरूपण गर्ने एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार नै लैङ्गिक समालोचना हो । समाजले महिला, पुरूष र तेस्रो लिङ्गीका निम्ति निर्धारण गर्ने भूमिका नै लैङ्गिकता हो (बरई, सन् २०२३, पृ. १७२) । लिङ्गको निर्धारण समाज र संस्कृतिद्वारा गरिएको हुन्छ (गौतम, २०६७, पृ. ३१०) । लैङ्गिकता फरकफरक समाजको मूल्य, मान्यता, संस्कार, संस्कृतिअनुसार फरकफरक प्रकृतिको हुन्छ (न्यौपाने, २०७८–२०७९, पृ. ४) । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा यस समालोचनाले मानवसमाजका प्रत्येक आचरण र व्यवहारमा देखिने लैङ्गिक विभेद, उत्पीडन र दुर्व्यवहारको विपक्षमा आफूलाई उभ्याउँदै समाजमा हरेक लैङ्गिक पहिचानयुक्त मानवजातिलाई समानता, स्वतन्त्रता, मानवअधिकार र अस्तित्वका साथ जीवनयापन गर्ने अनुकूल वातावरणको सिर्जना गरी समतामूलक समाजको स्थापनाको अपेक्षा राख्नुलाई आफ्नो केन्द्रीय अभीष्ट बनाएको जानकारी प्राप्त हुन्छ ।

लैङ्गिक दृष्टिले समतामूलक समाजको स्थापनाका निम्ति लैङ्गिक समालोचनाको विकास गरिएको हो । लैङ्गिकताले महिला र पुरूषको प्राकृतिक पक्षको नभई सांस्कृतिक पक्षको अध्ययन गर्दछ (पौड्याल, २०७८–२०७९, पृ. २०१) । मानवसमाजमा लैङ्गिक विषमतागत मान्यतालाई विस्थापित गरी समानता र समताको अवधारणा प्रतिस्थापित गर्ने प्रयासका रूपमा लैङ्गिक समालोचनालाई चिनाइएको छ (पाण्डे, २०६९, पृ. १) । मनुष्य हुनुको न्यूनतम गरिमाबाट समेत वञ्चित तुल्याइएका महिलाको विकासका निम्ति यो समालोचना क्रियाशील रहन्छ (अग्रवाल, सन् २०१४, पृ. १५) । प्राकृतिक रूपमा महिला र पुरूष समान रहे पनि लिङ्गका आधारमा समाजमा महिला र पुरूषका बिचमा गरिने विभेद र भूमिकानिर्धारणका कारण विषमताको अवस्था सिर्जना भई समतामूलक समाजको स्थापनार्थ लैङ्गिक समालोचनाको अवधारणा अस्तित्वमा आएको कुरालाई उपर्युक्त अभिव्यक्तिले प्रस्ट्याएका छन् ।

पितृ र मातृ दुवै सत्ता समन्यायको विरोधी कारकका रूपमा रहेका छन् । महिला र पुरूषको सामाजिक र सांस्कृतिक भूमिका र विशेषता बोध गराउनु नै लैङ्गिकता हो (पाण्डे, २०६९, पृ. ३) । पितृसत्तात्मक समाजले नारीको श्रम, प्रजननशक्ति, यौनिकता, गतिशीलता, निजी सम्पत्ति एवम् आर्थिक स्वतन्त्रताको अधिकारबाट नारीलाई वञ्चित तुल्याउनुका साथै ती अधिकारप्रति पुरूषीय आधिपत्ययुक्त परिवेशको निर्मिति गर्दै महिलाले प्रेम, त्याग, सहिष्णुता, धैर्य, संयम, मातृत्व, क्षमा, सहनशीलताजस्ता गुणहरूलाई इमानदारीका साथ वरण गर्नुपर्ने विमर्शको उत्पादन गऱ्यो (अग्रवाल, सन् २०१४, पृ. १९) । यस विचारधाराले महिलालाई शासित र पुरूषलाई शासक बनाउने कार्यमा सघाएको पाइन्छ । पितृसत्तात्मक समाजले पुरूषलाई साहसिक, शक्तिशाली, तार्किक, आत्मविश्वासी, प्रतिस्पर्धीजस्ता स्वभावयुक्त आचरण र व्यवहार गर्न प्रेरित गरेको पाइन्छ (Bhasin, 2000, p. 6) । यस विचारधाराले पनि पुरूषीय प्रभुत्वलाई प्राथमिकता दिन्छ । महिलाहरू घरायसी कामका निम्ति उपयुक्त रहेको विमर्शनिर्माणमा पितृसत्तात्मक प्रणालीको भूमिका रहेको छ (Pilcher & Whelhan, 2004,

p. 56) । यस विचारधाराले महिलाको भूमिकालाई केवल गृहिणीका रूपमा सीमित तुल्याएको पाइन्छ । पितृसत्तात्मक समाजमा नारीलाई मनोरञ्जनको साधनका रूपमा उपयोग गर्दै उनीहरूको अस्तित्व, स्वाभिमान र अस्मितालाई अप्ठ्यारोमा पारिन्छ (बरई, २०७८, पृ. २०७) । गायत्री चक्रवर्ती स्पिभाकले नारीलाई वास्तविक सीमान्त मानेकी छन् (गैरे, २०७८–२०७९, पृ. १९१ मा उद्धृत) । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा मानवजीवनलाई समुन्नत र गतिशील तुल्याउने कार्यमा समान ढङ्गले सहभागी रहने महिला र पुरूषका बिचमा लैङ्गिक विभेदको अवस्था सिर्जना भई पुरूषले आफूलाई शासक र महिलालाई शासित वर्गका रूपमा प्रस्तुत गर्ने विमर्शको निर्माण गरी समाजमा लैङ्गिक विभेद र उत्पीडनको अवस्थाको सिर्जना गरेको जानकारी प्राप्त हुन्छ । मातृसत्ता पनि समन्यायको विरोधी कारकका रूपमा रहेको छ । यस सत्ताले महिलालाई शासक र पुरूषलाई शासितका रूपमा देखी लैङ्गिक विभेदयुक्त अवस्थाको सिर्जना गर्दछ । पितृ र मातृ दुवै सत्ता समतामूलक समाजको स्थापनाको विरोधी भएकाले यी दुवै सत्तालाई विनिर्मित तुल्याई महिला र पुरूषको सहकार्यमा मात्र सामाजिक समन्यायको स्थापना हुन सक्ने अभिमत लैङ्गिक समालोचनाले प्रस्तुत गर्दछ ।

लैङ्गिक समालोचनाको विकास र स्थापनामा विभिन्न अध्येताहरूको अहम् भूमिका रहेको पाइन्छ । कार्लमार्क्स र एङ्गेल्सको नारीवादी अवधारणा तथा नारीवादी आन्दोलनको प्रारम्भदेखि लैङ्गिक समालोचनाको उठान भएको मानिए पनि यस समालोचनाले वास्तविक रूपमा नारीवादको विकासमा दोस्रो लहर आरम्भ भएपछि सन् १९७० को दशकमा सैद्धान्तिक स्वरूप प्राप्त गरेको हो (शर्मा, २०७८, पृ. १५७) । यस समालोचनाको विकासमा सिमोन द बुवाको द सेकेन्ड सेक्स (सन् १९४९) र बेट्टी फ्रिडनको द फेमिनियन मिस्टेकले महत्त्वपूर्ण भूमिका वरण गऱ्यो (भट्टराई, २०७६, पृ. २६२) । यस समालोचनाको विकासमा जोसेफ एच. प्लिकको द मिथ अफ मासकुलिनिटी (सन् १९८१), कैरोल स्मिथ रोजेनबर्गको डिसअर्डर्ली कन्डक्ट : भिजन्स अफ जेन्डर इन भिक्टोरियन अमेरिका (सन् १९८५), पिटर जि. फ्लिनेको हिम / हर सेल्फ : सेक्स रोल्स इन मडर्न अमेरिका (सन् १९८६), रिट फेलेस्कीको द जेन्डर अफ मडरनिटी (सन् १९९५) जस्ता कृतिले सघाएका छन् (Abrams & Harpham, 2020, P. 148-149) । नारीवादी समालोचनाको विस्तारका रूपमा समेत लिइने, नारीहिंसामा लाग्ने पुरूषलाई दण्डित गरिएझैं पुरूषहिंसामा लाग्ने नारीलाई दण्डित गर्नुपर्ने एवम् लैङ्गिक समानताको धारणा प्रस्तुत गर्ने मान्यता राख्ने तथा १९८० को दशकमा स्थापित पुरूषवादी लैङ्गिक समालोचनाको विकासमा वारेन फारेल, ब्लाजमिना क्रिस, मार्टिन एफर, ह्यारी ब्रान्ड आदिको अहम् योगदान रहेको पाइन्छ (शर्मा, २०७८, पृ. १५८) । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा महिलाहरूलाई न्याय र अधिकार दिलाउने लक्ष्यका साथ आरम्भ भएको लैङ्गिक समालोचनाले महिलाद्वारा पीडित पुरूष एवम् महिला र पुरूष दुवैद्वारा पीडित तेस्रो लिङ्गीहरूको मानवअधिकार, समानता र स्वतन्त्रताको पक्षमा आफूलाई प्रस्तुत गर्दै आफ्नो अध्ययनीय क्षेत्र फराकिलो बनाउँदै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा विकसित भएको निष्कर्ष प्राप्त हुन्छ ।

समाजका लैङ्गिकतासम्बन्धी समस्याको उठान गरी लैङ्गिक विभेद र उत्पीडनरहित समतामूलक समाजस्थापनाको अपेक्षा राख्नु नै लैङ्गिक समालोचनाको केन्द्रीय मान्यता हो । मोहनराज शर्मा (२०७८) ले लिङ्गलाई सामाजिक र सांस्कृतिक निर्मिति मान्नु, नारी र पुरूषलाई शारीरिक यौनिकताका दृष्टिले भिन्न मान्नु, नारीमाथि पुरूष प्रभुत्व मात्र नभई पुरूषमाथि नारी, नारीमाथि नारी र पुरूषमाथि पुरूषको वर्चस्व रहने कुरालाई स्विकार्नु, श्रम, शिक्षा, आय, स्वामित्व, सम्पत्ति, सङ्गठनात्मक कार्य, रेखदेख आदिको वितरणमा लिङ्गभेदलाई एउटा अस्त्रका रूपमा वरण गर्नु तथा व्यक्तिको पहिचाननिर्धारणमा लैङ्गिकताजस्ता तत्त्वको अहम् भूमिका रहने कुरामा विश्वास गर्नुलाई लैङ्गिक समालोचनाका प्रमुख मान्यताका रूपमा उल्लेख गरेका छन् (पृ. १५९-१६०) । रमेशप्रसाद भट्टराई (२०७६) ले लिङ्गीय विषयलाई सामाजिक र सांस्कृतिक निर्मिति मान्नु, सामाजिक विभेदलाई प्रश्रय दिने पितृसत्ताको अन्त्य, नारीविकास र समविकासमा पुरूषीय भूमिका सकारात्मक एवम् नारी र पुरूषको समान भूमिका हुनुपर्ने कुरामा विश्वास गर्नु, भविष्यका दृष्टिले समाज लिङ्गीय रूपमा शोषणमुक्त हुनुपर्ने विचार प्रस्तुत गर्नु, महिला अध्ययनको नजिक हुनु, लिङ्गका कारण हुने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको अन्त्य भई समतामूलक समाजको स्थापनामा जोड दिनु, पुलिङ्गतालाई पुरूष आन्दोलनका रूपमा वरण गर्नु, पुरूषहरूको दमित आवाजको पनि खोजी गर्नु, महिलाको शरीरप्रति महिलाको अधिकार हुनुका साथै पुरूषीय अधीनता र शोषणबाट मुक्त हुनुपर्ने तथा किनाराकृत महिला वा पुरूष दुवैका दृष्टिकोण र हेराइबाट मात्र लैङ्गिक विभेदको समस्या समाधान हुन सक्ने विचार अभिव्यक्त गर्नुलाई लैङ्गिक समालोचनाका प्रमुख मान्यताका रूपमा सूचीबद्ध गरेका छन् (पृ. २६९-२७०) । उपर्युक्त मान्यताहरूलाई समेत अवलम्बन गर्दै लैङ्गिक विषयलाई सामाजिक र सांस्कृतिक निर्मिति मान्नु, लैङ्गिक विभेद र दमनका कारणहरूको खोजी गर्नु, लैङ्गिकताका कारण किनाराकृत हुन पुगेका महिला, पुरूष र तेस्रो लिङ्गीका पक्षमा आवाज उठाउनु, लैङ्गिक समन्यायको पक्षपाती हुनु, महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड दिनु, लैङ्गिक विभेदयुक्त परम्परा, प्रथा, कानुन एवम् मानवीय आचरण र व्यवहारप्रति आलोचनात्मक हुनु, लैङ्गिक विभेद र उत्पीडनलाई प्राथमिकता दिने प्रभुत्वशाली व्यक्ति र वर्गका विरूद्ध कडा प्रतिरोध वा प्रतिप्रभुत्वको सिर्जना गर्ने प्रकृतिका आचरण र व्यवहारको पक्षपाती हुनु तथा साहित्यिक कृतिमा लैङ्गिक दृष्टिले उत्पीडित व्यक्तिलाई सक्रिय र सशक्त वा निष्क्रिय र गौण ढङ्गले प्रतिनिधित्व गराइएनगराइएको कुरालाई पनि कृतिमूल्याङ्कनको आधार बनाउनुपर्ने विचार प्रवाहित गर्नुलाई लैङ्गिक समालोचनाका प्रमुख मान्यताका रूपमा सूचीबद्ध गर्न सकिन्छ । यिनै सैद्धान्तिक पर्याधार र मान्यताको उपयोग गरी प्रस्तुत लेखलाई परिपाकमा पुऱ्याइएको छ ।

## अर्थापनको विधि र ढाँचा

गुणात्मक र पाठविश्लेषणात्मक शोधविधिको उपयोग गरी प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ । लैङ्गिक समालोचनाको सिद्धान्तलाई आधार बनाई बहुसत्यमा विश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी मानदण्डअनुसारका सम्बद्ध पाठबाट तथ्य, साक्ष्य र उद्धरण खोजी तिनको व्याख्याविश्लेषण गरी यस लेखलाई सम्पन्न गरिएको छ । समन्यायको अवधारणाको अभिव्यक्ति, लैङ्गिक प्रतिप्रभुत्वको

प्रस्तुति तथा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड गरी तीनओटा विश्लेषणीय प्रारूपको केन्द्रीयतामा रही भवानी भिक्षुको 'टाइपिस्ट' कथामा चित्रित लैङ्गिक सचेतनाको मूल्यनिरूपण गरिएको छ ।

## विश्लेषण र नतिजा

भवानी भिक्षुको 'टाइपिस्ट' कथामा अभिव्यक्त लैङ्गिक सचेतनासम्बन्धी विश्लेषण र नतिजालाई तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### समन्यायको अवधारणाको अभिव्यक्ति

लिङ्गका आधारमा महिला, पुरूष र तेस्रो लिङ्गीका बिचमा कुनै पनि प्रकारको विभेद नगरी सबैलाई समानता, स्वतन्त्रता र मानवअधिकारका साथ जीवनयापन गर्ने पारिवारिक, सामाजिक र सांस्कृतिक परिवेशको निर्मितिका माध्यमबाट लोककल्याणको अभिमत प्रस्तुत गर्ने अवधारणा नै समन्यायको अवधारणा हो । पितृसत्ता र मातृसत्ता यस अवधारणाका विरोधी कारक हुन् । परिवारमा पुरूषको वर्चस्व रहने र पुरूषकै केन्द्रीयतामा महिलाहरूको भूमिका निर्धारित हुने पारिवारिक ढाँचा नै पितृसत्तात्मक संरचना हो भने परिवारमा महिलाको प्रभुत्व रहने तथा महिलाकै सेरोफेरोमा पुरूषसमेतको भूमिका निर्क्योल गरिने पारिवारिक ढाँचा नै मातृसत्तात्मक पारिवारिक ढाँचा हो । पितृसत्ताले नारीको श्रम, यौनिकता, निजी सम्पत्ति र आर्थिक स्वतन्त्रताको अधिकारबाट नारीलाई किनाराकृत गर्नुका साथै धैर्य, संयम, मातृत्व, क्षमा र सहनशीलतालाई इमानदारीका साथ पालना गर्न कर लगाउँछ । यसैगरी उक्त सत्ताले पुरूषलाई साहसिक, शक्तिशाली, तार्किक, प्रतिस्पर्धीजस्ता स्वभावयुक्त आचरण र व्यवहार अवलम्बन गर्न प्रेरित पनि गर्दछ । मातृसत्ताले उपर्युक्त पुरूषकेन्द्री र महिला अमैत्री विमर्शहरूलाई विनिर्मित तुल्याई नारीको सर्वोपरिता कायम गर्दछ । पितृसत्ताको केन्द्रलाई भत्काउँदा मातृसत्ताको स्थापना हुन्छ (बरई, सन् २०१९, पृ. २३०) । त्यसैगरी परम्परागत नारी चेतनाका सापेक्षतामा समसामयिक समाजको नारी चेतना मातृसत्तात्मक देखिन्छ (गड्तौला, सन् २०१९, पृ. १७४) । पितृसत्ताले महिलालाई र मातृसत्ताले पुरूषलाई शासित तुल्याउन चाहन्छन् । यी दुवै सत्ता लोककल्याण र समन्यायका विरोधी हुन् । यी दुवै सत्तालाई विस्थापित गरी लैङ्गिक समानतामा आधारित आचरण र व्यवहार वरण गर्दा मात्र लोककल्याण हुन्छ ।

भवानी भिक्षुको 'टाइपिस्ट' कथामा समन्यायको अवधारणाको अभिव्यक्ति गरिएको छ । प्रस्तुत कथाका पुरूष पात्रहरु सेक्रेटरी, पट्ठो देवर र युवक तथा महिला पात्र सासू (शान्तिकी सासू) पितृसत्तात्मक विचारधाराबाट अभिप्रेरित देखिन्छन् भने उक्त कथाका नारीपात्रहरु शान्ति, मीना र युवककी पत्नी समन्यायका निम्ति प्रवाहित देखिन्छन् । सेक्रेटरीले आफ्नी पत्नी शान्तिलाई घरभित्र गृहिणीका रूपमा सीमित तुल्याउँदै उसको श्रमप्रति आफ्नो नियन्त्रण कायम गर्न खोज्नुका साथै उसलाई आर्थिक स्वतन्त्रताको अधिकारबाट समेत वञ्चित तुल्याउन चाहन्छ; पत्नी शान्ति घरभित्र बसी घरायसी काम गर्ने तथा पुरूषीय प्रभुत्वलाई स्विकार्ने अवस्थाको निर्मिति गर्न चाहन्छ । उसकी आमा र भाइले

समेत सेक्रेटरीकै विचारधारालाई आत्मसात् गर्दछन् र उनीहरूले पनि क्रमशः शान्तिलाई परम्परित बुहारी र भाउजूका रूपमा हेर्न चाहन्छन् । यी तीनैजना पात्रले शान्तिलाई एउटी गृहिणीका रूपमा घरभित्र सीमित तुल्याउँदै उसमा संयमता, अभिभावकीय विचारधाराको अक्षरशः पालना, परम्परित बुहार्तनजस्ता पक्षहरू हुनुपर्ने अभीष्ट राख्दछन् । पत्नी शान्ति ठाटिएर बाहिर जाने, टाइपिङ सिक्ने र रोजगारी गर्ने गतिविधिलाई पति सेक्रेटरीले मन पराउँदैन भने उसका आमा र भाइले समेत उसैको विचारधारालाई पछ्याएका हुन्छन् । यस किसिमबाट यी तीनैजना पात्रले शान्तिले पितृसत्ताको अवधारणाअनुसारको आचरण र व्यवहार अवलम्बन गरी पुरूषीय अधीनतालाई स्विकार्ने अवस्थाको निर्मिति गर्न चाहेको कुरा स्पष्ट हुन्छ । सहरमा हुर्केकी, आधुनिक शिक्षा प्राप्त गरेकी तथा उपभोक्तावादी संस्कृतिलाई प्राथमिकता दिन खोजेकी शान्ति विवाहिता भएर पनि आफूलाई केवल गृहिणीका रूपमा घरभित्र सीमित तुल्याउन चाहदिन; महिलालाई आफ्नो भविष्य निर्माण गर्ने, रोजगारी प्राप्त गर्ने, साहसी र प्रतिस्पर्धी बन्ने, ठाटिएर हिँड्नेलगायतका गतिविधि स्वतन्त्रतापूर्वक अवलम्बन गर्न चाहन्छे । प्रस्तुत कथाको "बिहानै उसलाई चाँच्चाडै ठिक्क दश बजे खानुपर्ने, त्यसपछि आधा घण्टा आफूलाई सिँगार्नमा लागेर साढे दश बजे हिँडी अफिस पुग्नुपर्दा ऊ घरकी बुहारी, पत्नीजस्ती रहनै नगई त्यस घरकी बिहा नभएकी कुनै छोरीबेटीजस्तै बन्न गएकी थिई (पृ. १३) भन्ने कथांशले शान्तिले पितृसत्तालाई कडा चुनौती दिई समन्यायका निम्ति अग्रसर रहेको कुरालाई प्रस्ट्याएको छ । यसै कार्यको परिणामस्वरूप परिवारका तीनैजना सदस्यहरूको विमति हुँदाहुँदै पनि उसले बुहारीको जस्तो नभई छोरीको जस्तो आचरण र व्यवहार अवलम्बन गर्दै टङ्कणसम्बन्धी तालिम लिन जान्छे र निश्चित समयावधिको तालिम पनि प्राप्त गर्दछे । टङ्कणकार्यको तालिम लिई आफूमा सिपको विकास गरेकी शान्ति विभिन्न कार्यालयमा जागिर खोज्दै हिँड्छे र अन्ततः उसले एउटा मन्त्रालयमा आफ्नै सिपअनुसारको जागिर पनि भेटाउँछे । जागिरबाट प्राप्त रकममध्ये केही रकम परिवारलाई र केही रकम आफूसित पनि राख्दछे र आर्थिक अवस्था अत्यन्त दयनीय भएको आफ्नो घरव्यवहारको सञ्चालनमा पनि महत्त्वपूर्ण भूमिका वरण गर्दछे । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा शान्तिले आफूलाई साहसी, स्वावलम्बी, आत्मनिर्भर र पालक बनाएको सार प्राप्त हुन्छ । घरव्यवहार सञ्चालनमा रहेको पुरूषीय एकाधिकारलाई उसले विनिर्मित तुल्याई लैङ्गिक समानतायुक्त अवस्थाको सिर्जना गरेकी छ । आफूलाई चाहिने जति रकम आफूसित राख्ने कार्यले एकातिर उसले आर्थिक स्वतन्त्रताप्रतिको अधिकार आफूमा सुरक्षित राखेको कुरालाई प्रस्ट्याउँदछ भने अर्कोतिर पारिश्रमिकका केही रकम पतिलाई दिएर पुरूषद्वारा महिला पालिने पितृसत्तात्मक विमर्शलाई उल्ट्याएकी छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा शान्तिले आफूलाई साहसिक, शक्तिशाली, आत्मविश्वासी, स्वावलम्बी, परिवारपालक र प्रतिस्पर्धी स्वभावयुक्त बनाएको तथा पितृसत्तालाई चुनौती दिई समन्यायको अवस्थाको निर्मिति गरेको निष्कर्ष प्राप्त हुन्छ ।

'टाइपिस्ट' कथाका अन्य नारी पात्रहरू मीना र युवककी पत्नी पनि समन्यायको अवधारणालाई अवलम्बन गर्ने स्वभावका देखिन्छन् । अविवाहिता मीनाले आफू विशेष प्रकारकी युवती भएको र आफू कुनै पनि परिस्थितिमा पुरूषका सामुन्ने नझुक्ने अभिव्यक्ति प्रस्तुत गर्ने कार्यले ऊ समन्यायको रक्षाका

निम्ति प्रयत्नरत रहने कुरा स्पष्ट हुन्छ । कुनै कार्यालयमा कार्यरत र सधैँ शान्ति र मीनाले चिया खाने होटेलमा आइरहने एक युवकले मीनालाई विवाहका निम्ति माग्न आउने कुरा ख्यालठट्टामा शान्तिले मीनासित व्यक्त गर्दा मीनाले अभिव्यक्त गरेकी "माग्न आउने, हुस्सू, मुखमा कालो पोतेर पठाइनेछ मेरो घरबाट । यस्तासँग मेरो बिहा रे" (पृ. १९) भन्ने अभिव्यक्तिले मीना आफूलाई उपयुक्त हुने व्यक्तिलाई मात्र आफ्नो जीवनसाथी बनाउने तथा पुरूषका सामु ऊ नझुक्ने कुरालाई प्रस्ट्याएको छ । यसैगरी युवककी पत्नीले आफ्नो पति परस्त्रीतर्फ आकर्षित हुन लागेको कुरा थाहा पाउँदाकै क्षणमा पतिलाई त्यस्तो ठाउँमा नआउनाका निम्ति एकातिर सल्लाह दिन्छे भने अर्कोतिर आन्तरिक रूपबाट युवतीहरूप्रति आकर्षित भइसकेको पतिलाई युवतीहरु (टाइपिस्ट) हीन भएको अभिव्यक्ति दिई पत्नीका दृष्टिमा आफू इमानदार रहेको अवस्थाको सिर्जना गर्न बाध्य तुल्याउँछे । युवक र उसकी पत्नीको उपर्युक्त आचरण र व्यवहारलाई दृष्टिगत गर्दा पत्नीमाथि युवकको नियन्त्रण नरहेको, युवकले कुनै प्रकारको गल्ती गरे उसले नस्विकार्ने तथा उसले लैङ्गिक समानता र नारीअस्तित्वका निम्ति बाध्यकारी अवस्थाको समेत सिर्जना गर्न सक्ने जानकारी प्राप्त हुन्छ । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा प्रस्तुत कथाका नारी पात्रहरु लैङ्गिकताका दृष्टिले सचेत तथा समन्यायको अवधारणाअनुसारका आचरण र व्यवहार गरेकै कारण घरेलु हिंसा र उत्पीडनबाट जोगिएको निष्कर्ष प्राप्त हुन्छ ।

## प्रतिप्रभुत्वको अङ्कन

शक्ति, पहुँच र स्रोतका दृष्टिले शक्तिशाली व्यक्ति वा वर्ग प्रभुत्वशाली व्यक्ति वा वर्ग हो भने उपर्युक्त दृष्टिले किनाराकृत व्यक्ति वा वर्ग सीमान्त वर्ग हो । एउटा वर्गले अर्को वर्गलाई आफ्नो नियन्त्रणमा राख्न र उसमाथि आफ्नो वर्चस्व कायम गर्नाका निम्ति अवलम्बन गर्ने आचरण र व्यवहार नै प्रभुत्व हो भने आफ्नो हैसियत र अस्तित्व रक्षाका निम्ति अर्को वर्गबाट गरिने प्रतिरोधी व्यवहार नै प्रतिप्रभुत्व हो । प्रभुत्वशाली व्यक्ति वा वर्गले सीमान्त व्यक्ति वा वर्गमाथि गरेको अन्याय, अत्याचार, विभेद आदिका विरूद्धमा सीमान्त व्यक्ति वा वर्गद्वारा पुऱ्याइने अवरोध नै प्रतिरोध हो (राई, २०७८–२०७९, पृ. १५७) । प्रतिप्रभुत्वको अवस्थाले एकातिर प्रभुत्वशाली व्यक्ति र वर्गलाई चुनौती दिन्छ भने अर्कोतिर अर्को व्यक्ति वा वर्गमा शक्ति निहित रहेको अवस्थाको समेत द्योतन गर्दछ । पितृसत्तात्मक विमर्शबाट अभिप्रेरित पुरूष पात्रहरु महिला पात्रलाई आफ्नो अधीनस्थ तुल्याउन चाहन्छन् भने महिलाहरु महिला अमैत्री विमर्शको विनिर्माण गरी प्रतिप्रभुत्वको स्थिति सिर्जना गरी शक्तिसन्तुलनको सिर्जना गर्न चाहन्छन् ।

भवानी भिक्षुको 'टाइपिस्ट' कथामा पुरूषप्रति महिला तथा महिलाप्रति महिलाको प्रतिप्रभुत्वको अङ्कन गरिएको छ । प्रस्तुत कथाकी केन्द्रीय नारी पात्र शान्तिले प्रतिप्रभुत्वको अवस्थाको सिर्जना गरेकी छ । विवाहिता शान्तिलाई घरभित्रै गृहिणीका रूपमा सीमित तुल्याई उसमाथि पुरूषीय वर्चस्व कायम गर्न खोज्ने पति सेक्रेटरीका सामु शान्तिले प्रतिप्रभुत्वको अवस्थाको सिर्जना गरेकी छ । बुहार्तनकार्यमा मात्र सीमित नभई एकातिर शान्तिले आधुनिक प्रकृतिका पोसाकहरु लगाई टङ्कणसम्बन्धी तालिम प्राप्त गरी जागिरसमेत प्राप्त गर्दछे भने अर्कोतिर आफूले आर्जन गरेको सम्पत्ति घरव्यवहार चलाउनाका

निम्ति खर्च गर्ने बन्दोबस्त पनि मिलाउँछे । यस कार्यव्यापारले पुरूष पालक र महिला पालिताका रूपमा रहने पुरूषकेन्द्री विचारधारालाई उल्ट्याएको कुराको द्योतन गरेको छ । शान्तिको आचरण र व्यवहारमा प्रतिप्रभुत्वरूपी प्रतिरोधी सामर्थ्य रहेकै कारण उसको लोग्ने र उसका घरपरिवारका अन्य सदस्यले उसलाई अधीनस्थ तुल्याउन सकेका छैनन्; लोग्नेसहित घरका अन्य सदस्यहरूसमेत उससित डराएका देखिन्छन् । यसैगरी युवककी पत्नीले समेत आफ्नो पति (युवक) प्रति प्रतिप्रभुत्वको स्थिति सिर्जना गरेकी छ । परस्त्रीतर्फ आकर्षित भइसकेको पतिलाई युवतीहरूकै सामुन्ने पत्नीले सचेत गराउँदा युवकले पत्नीलाई नियन्त्रित गर्न खोज्दा पत्नी झन् रिसाई बोल्दा पतिले पत्नीलाई घुर्की देखाउन सक्दैन र पत्नीकै मनसायअनुसारको विचार प्रस्तुत गरी उसले पत्नीको प्रभुत्वलाई स्वीकार गर्दछ । "यी टाइपिस्ट पो त, यिनीहरूको खाल नै यस्तै हुन्छ (पृ. २१) भन्ने अभिव्यक्ति दिएर शान्ति र मीनालाई अपहेलित गरेको युवकले मनमनै स्मरण गरेको "मीना, शान्तिहरु गइसकेपछि युवकले अज्ञातमा नै अनुभव गऱ्यो कि पत्नीको क्षोभ हटाउन उसले एउटा नचाहिने वाक्यको प्रयोग गरेर दुइटी नयाँ केटीको स्वच्छन्द र उत्फुल्ल आत्मालाई अकारण चोट पुऱ्यायो (पृ. २१) भन्ने अभिव्यक्तिले युवक आफ्नी पत्नीसित डराएको कुरालाई प्रस्ट्याएको छ । उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा प्रस्तुत कथाका दुईओटै नारीपात्र क्रमशः शान्ति र युवककी पत्नीले आफ्ना पतिहरूप्रति आफ्नो प्रभुत्व कायम गरेको तथा यस कथामा पुरूषप्रति महिलाको प्रतिप्रभुत्व कायम भएको अवस्थाको अङ्कन गरिएको निष्कर्ष प्राप्त हुन्छ ।

'टाइपिस्ट' कथामा महिलाप्रति महिलाको प्रतिप्रभुत्वको पनि प्रस्तुति गरिएको छ । यस प्रवृत्तिको अङ्कन सासू, शान्ति, मीना र युवककी पत्नीको आचरण र व्यवहारका माध्यमबाट गरिएको छ । विवाहिता शान्तिलाई घरभित्रै बसी बुहार्तनसम्बन्धी कर्तव्य पूरा गराउने मनस्थितिमा शान्तिकी सासू रहेकी हुन्छे; उसले बुहारी शान्तिको छोरीजस्तै ठाटिएर बाहिर जाने, मन लागेका कार्यहरु गर्नेजस्ता गतिविधिलाई रूचाएकी हुँदैन । सासूले नचाहँदानचाहँदै पनि शान्तिले टङ्कण सिकी रोजगारीसमेत प्राप्त गरी प्राप्त आम्दानी घरखर्चमा व्यवस्थापन गरी आफूलाई परिवारको प्रभावशाली र प्रभुत्वशाली सदस्यका रूपमा स्थापित गरेकी छ । शान्तिको रोजगारबापतको आम्दानीले उसको घरपरिवार पहिलाभन्दा राम्रो तरिकाले गतिमान रहेको तथा उसको आम्दानीको अभावमा घरमा आर्थिक सङ्कट उत्पन्न हुन सक्ने सासूको मनस्थितिको निर्मिति गर्दछ । शान्तिमाथि हैकम चलाउन खोज्ने सासू उत्तरवर्ती समयमा शान्तिका कुनै पनि गतिविधिको विरोध गर्न सक्दिन । यसैगरी प्रस्तुत कथाका नारी पात्र शान्ति र मीनाप्रति युवककी पत्नीको प्रतिप्रभुत्व कायम गरिएको छ । खाजा खाने होटेलमा एकाएक देखिएकी युवककी पत्नीलाई शान्ति र मीनाले युवककै सामुन्ने हाँसो र कुराकानीका माध्यमबाट लज्जित तुल्याई आफ्नो प्रभाव कायम गर्न चाहन्छन् । उनीहरूको ख्यालठट्टाबाट लज्जित भई किनाराकृत हुनुका साटो झनै आक्रोशित भई उनीहरूलाई नकच्चरानकच्चरीको संज्ञा दिँदै र चारित्रिक रूपले पतित भएको कुरा अभिव्यक्त गर्दै पतिलाई समेत उनीहरूका विपक्षमा अभिव्यक्ति दिन बाध्य गराउँछे । शान्ति र मीनालाई होच्याउनुपर्ने पत्नीकै विचारधाराअनुसार मानसिक रूपबाट नचाहँदानचाहँदै पनि युवकले शान्ति र मीनाका निम्ति "यी टाइपिस्ट पो त, यिनीहरूको खाल नै यस्तै हुन्छ (पृ. २१)

भन्ने लाञ्छनायुक्त विचार प्रस्तुत गर्दछ । उपर्युक्त कार्यव्यापारले युवककी पत्नीप्रति आफ्नो प्रभुत्व र प्रभाव कायम गर्न खोज्ने शान्ति र मीनामाथि युवककी पत्नीकै प्रभुत्व कायम भएको कुरालाई सिद्ध गरेका छन् ।

'टाइपिस्ट' कथाका नारी पात्रहरु शान्ति र मीनाको आचरण र व्यवहारमा समेत प्रतिप्रभुत्वको स्थिति देखिन्छ । यी दुवै पात्रहरु एकमाथि अर्कोले आफ्नो प्रभुत्व कायम गर्न चाहन्छन् । अविवाहिता मीनाले ख्यालठट्टामै विवाहिता शान्तिलाई युवकले मन पराउन थालेको र विवाहसमेतको प्रस्ताव राख्ने विचार प्रस्तुत गरी शान्तिभन्दा आफूलाई श्रेष्ठ तुल्याउन खोज्दछे । आफूलाई होच्याउन लागेको अनुभूति गरी शान्तिले आफू विवाहित भइसकेको तथा मीना अविवाहित रहेकीले युवक उसैलाई माग्नाका निम्ति उसको (मीनाको) घर पुग्ने विचार प्रस्तुत गर्दछे । यस्तो विचारबाट झन् आक्रोशित बनेकी मीनाले त्यस्तो युवक आफ्ना लागि कुनै पनि हालतमा मान्य नहुने एवम् माग्न आए स्वीकार्य नहुने तथा कडा ढङ्गले प्रतिरोध गर्ने चेतावनीसमेत दिन्छे । यस किसिमबाट यी दुवै नारी पात्रहरूले आआफ्नो प्रभुत्वका निम्ति प्रयत्नरत रहेका देखिन्छन् । यस कुरालाई तलको कथांद्वारा थप पुष्टि गरिएको छ :

शान्तिले भनी, "तँसित बिहा गर्न खोजेको होला, अहिले तेरो जम्मै थोक बुझ्न थालेको छ, पछि तँलाई माग्न आउनेछ, हेर न ?"

"माग्न आउने, हुस्सू, मुखमा कालो पोतेर पठाइनेछ मेरो घरबाट ! यस्तासँग मेरो बिहा रे !"

"किन, जागिरे छ, दर्जा पनि ठुलै छ जस्तो लाग्छ, तँभन्दा नराम्रो पनि होइन, तँ 'मिस' छेस्, तँलाई हेरिराखेर माया पनि गरिराखेको जस्तो छँदै छ, बिहा गर्न के बाधा ?"

मीनालाई लाग्यो, शान्तिले आफूभन्दा त्यसलाई नराम्री ठानी र आफ्नो मुकाबलामा उल्लाई हारेको भन्ठानी । ऊ भुतुक्क भई । फन्केर तर विस्तारै भनी, "तैं बढी राम्री, पोइ छोडेर ऊसितै गए त भइहाल्छ नि ! किन जान्नस् त ? (पृ. १९)

उल्लिखित संवादात्मक कथांशले शान्ति र मीना दुवै पात्र प्रतिप्रभुत्वको मनस्थितिमा रहेको कुरालाई छर्लङ्ग्याएको छ । उपर्युक्त घटनावली र कार्यव्यापारलाई सामान्यीकरण गर्दा प्रस्तुत कथामा पुरूष प्रभुत्वका विरूद्ध महिला प्रतिप्रभुत्वको स्थिति बलियो रहेको तथा महिलाको प्रभुत्वको विरूद्धको महिला प्रतिप्रभुत्वको स्थिति पनि अत्यन्त सशक्त रहेको एवम् यस्तो लैङ्गिक आचरण र व्यवहारले लैङ्गिक शक्तिसम्बन्धगत सन्तुलन र समता कायम गर्ने विषयमा अहम् भूमिका वरण गरेको निष्कर्ष प्राप्त हुन्छ । यस विमर्शले समतामूलक समाजको स्थापनामा सघाउने निष्कर्ष पनि प्राप्त हुन्छ ।

## महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड

भवानी भिक्षुको 'टाइपिस्ट' कथामा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोड दिइएको छ । पारिवारिक जीवनमा आबद्ध रहेका महिला र पुरूष एकअर्कालाई हार्दिक प्रेम, सुमधुर सम्बन्ध र समर्पणभावअनुसारका आचरण र व्यवहार अपनाउँदा मात्र दाम्पत्य जीवन सुखद हुन सक्छ भन्ने

कुरामा .यस विमर्शले जोड दिन्छ । यस्तो विमर्शको प्रस्तुति यस कथाका पात्रहरु सेक्रेटरी र शान्ति तथा युवक र उसकी पत्नीको चरित्राङ्कनका माध्यमबाट गरिएको छ । आधुनिकीकरण, सहरीकरण र उपभोक्तावादी संस्कृतिलाई अवलम्बन गरेको मानवीय जीवनपद्धति दिनप्रतिदिन खर्चिलो, आर्थिक सङ्कटयुक्त र चुनौतीपूर्ण बन्दै गएको छ । पितृसत्तात्मक पारिवारिक संरचनाअनुसार घरपालनकर्ताको जिम्मेवारी पाएको पुरूषको एक्लो कमाइले घर व्यवहार धान्न नसकिने अवस्थाको चित्रण यस कथामा एकातिर गरिएको छ भने अर्कोतिर उक्त विमर्शलाई किनाराकृत तुल्याई महिला र पुरूष दुवैले घरको पालनकर्तासम्बन्धी जिम्मेवारी वहन गर्दा आर्थिक सङ्कटको न्यूनीकरण भई घरव्यवहार चलाउन सजिलो हुने र जीवन पनि सुखद हुने लैङ्गिक समतायुक्त परिस्थितिको समेत निर्माण हुने विमर्श प्रवाहित गरिएको छ । यस विमर्शले महिला र पुरूषका बिचमा शक्तिसम्बन्धगत सन्तुलन कायम गर्दछ । समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति र क्षेत्रीयताबिचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो (पोखरेल, सन् २०२३, पृ. १५६) । आर्थिक अवस्था अत्यन्त दयनीय रहेको तथा आमा, भाइ र पत्नीलाई पाल्ने जिम्मेवारी वहन गरिरहेको सेक्रेटरी कुनै कार्यालयमा सेक्रेटरीको काम गर्दछ । उसको न्यून पारिश्रमिकले उसको घरव्यवहार चलाउन अत्यन्त चुनौतीपूर्ण एवम् अभावग्रस्त रहन्छ र ऊ ऋण लिनसमेत बाध्य हुन्छ, तर जबदेखि उसकी पत्नी शान्तिले टङ्कणको तालिम लिई रोजगारी प्राप्त गरी रोजगारीबाट प्राप्त रकम पतिलाई बुझाउन थाल्दछे, तबदेखि सेक्रेटरीको आर्थिक सङ्कट पनि समाधान हुँदै जान्छ र ऋणको परिमाण पनि घट्दै जान्छ । शान्तिको जागिरले एकातिर पतिमाथिको एक्लो अर्थको जोह गर्ने जिम्मेवारी र भारलाई न्यूनीकरण गर्दछ भने अर्कोतिर शान्तिलाई पाल्नुपर्ने झन्झटबाट समेत जोगाउँदछ । आधारभूत आवश्यकताकै परिपूर्तिका निम्ति सङ्घर्ष गरिरहेको सेक्रेटरी पत्नीको जागिरे जीवन आरम्भ हुँदाको अवस्थामा राम्राराम्रा लुगाकपडा किन्ने, पत्नीका साथमा बजार गर्ने र चलचित्र हेर्न जानेजस्ता गतिविधिसमेत गर्न थाल्दछ । शान्तिको उक्त कार्यले घरमा उसप्रति उत्पन्न भएको शङ्का र बढेको वैमनस्यताको समेत न्यूनीकरण हुन्छ, जसको परिणामस्वरूप घरका चारैजना सदस्यहरूका बिचमा समन्वय हुन जान्छ र तिनीहरूको जीवनपद्धति पहिलाभन्दा राम्रो अवस्थामा पुग्दछ । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा लैङ्गिक विभेदयुक्त पुरूषले मात्र घरका निम्ति आवश्क अर्थको व्यवस्थापन गर्ने पितृसत्तात्मक विचारधारालाई पाखा लगाई महिला र पुरूष दुवैले अर्थव्यवस्थापनको जिम्मेवारी वहन गर्दा आर्थिक सङ्कट समाधान हुने, जीवन सुखद र समुन्नत बन्ने तथा लैङ्गिक दृष्टिले समतामूलक समाजको विकास हुने सार प्राप्त हुन्छ ।

'टाइपिस्ट' कथाका पात्रहरु सेक्रेटरी र शान्ति तथा युवक र युवककी पत्नीका माध्यमबाट दाम्पत्य जीवनमा आबद्ध पति र पत्नी एकअर्काप्रति इमानदार भई एकअर्कालाई हार्दिक प्रेम र समर्पणभाव प्रकट गर्दा मात्र दाम्पत्य जीवन सुखद र दीर्घकालिक हुन सक्ने विमर्शको प्रस्तुतीकरण पनि उक्त कथामा गरिएको छ । युवकप्रति मानसिक रूपले आकर्षित भइसकेकी शान्ति युवकको "यी टाइपिस्ट पो त, यिनीहरूको खाल नै यस्तै हुन्छ" (पृ. २१) भन्ने लाञ्छनायुक्त अभिव्यक्तिबाट चेतिई राति पतिसित सुत्दा पतिको गन्जी भिज्ने गरी रूने कार्यले उसले आफ्नो गल्तीप्रति पछुतो मान्नुका साथै

पतिप्रतिको समर्पणभाव अभिव्यक्त गर्दछे । उसको यस कार्यले ऊ सचेत भएको कुराको एकातिर पुष्टि गर्दछ भने अर्कोतिर आगामी दिनमा उसले पतिलाई धोखा नदिने कुराको समेत द्योतन गर्दछ । यसैगरी युवक र युवककी पत्नीको व्यवहारमा समेत उक्त कुराको अङ्कन गरिएको छ । पति र बुवाको समेत जिम्मेवारीमा रहेको तथा परस्त्रीतर्फ आकर्षित भइसकेको युवक आफूले बाटो बिराएको कुरा पत्नीलाई ज्ञात भइसकेको तथा आफू नसच्चिए र आफू परस्त्रीतर्फ आकर्षित नभएको कुराको विश्वास पत्नीलाई दिलाउन नसके पारिवारिक जीवन कलहपूर्ण र दुर्घटित हुन सक्ने परिणामको आँकलन गरी शान्ति र मीनालाई अपमानित गर्दछ । उसको यस कार्यले एकातिर शान्तिलाई आफ्नो पतिप्रति समर्पित हुने वातावरणको सिर्जना गर्दछ भने अर्कोतिर युवकप्रति उसकी पत्नीमा उत्पन्न आशङ्कालाई किनाराकृत गर्दछ । उसको यस कार्यले उसको परिवारमा उत्पन्न हुन सक्ने वैमनस्यता र प्रतिकूल परिस्थितिको अन्त्य एकातिर गर्दछ भने अर्कोतिर उसको पारिवारिक जीवन पूर्ववत् ढङ्गले समृद्धिका साथ गतिमान रहने कुराको समेत सङ्केत गर्दछ । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धबाट मात्र पारिवारिक जीवन सुखद र समुन्नत तथा लैङ्गिक विभेद पनि किनाराकृत हुने निष्कर्ष प्राप्त हुन्छ ।

## निष्कर्ष

भवानी भिक्षुको 'टाइपिस्ट' कथामा समन्यायको अवधारणाको अभिव्यक्ति, प्रतिप्रभुत्वको अङ्कन तथा महिला र पुरूषको सहकार्यात्मक सम्बन्धमा जोडसँग सम्बद्ध तथ्यहरूको प्रस्तुतिका माध्यमबाट सचेतनाको सञ्चार गरी लैङ्गिक समता र समानतायुक्त समाजको परिकल्पनागत लोकमङ्गलकारी विमर्शको अभिव्यक्ति गरिएको छ । लैङ्गिक विभेदमा परेका महिलाहरु आफूलाई सचेत तुल्याई पुरूषको वर्चस्व स्विकार्नुका सट्टा लैङ्गिक समानता कायम गर्ने प्रकृतिका आचरण र व्यवहार वरण गर्दा मात्र महिला र पुरूषको बराबरीको स्थिति सिर्जना भई समाजमा लैङ्गिक समानता कायम हुने विमर्शको सञ्चार यस कथामा गरिएको छ । यसैगरी महिलाको हकअधिकारलाई किनाराकृत गरी महिलालाई अधीनस्थ तुल्याउने र महिलामाथि प्रभुत्व कायम गर्ने पुरूषका हरेक गतिविधिका विरूद्धमा प्रस्तुत भई महिलाअधिकारका निम्ति महिलाहरूले प्रतिप्रभुत्वको स्थिति सिर्जना गर्दा पुरूषले पनि महिलाको वास्तविक अवस्थाको बोध गर्ने र महिलालाई अधीनस्थ तुल्याउन नसक्ने तथा पुरूष र महिलाका बिचमा शक्तिसन्तुलनको अवस्था कायम भई नारीअस्मिता, अस्तित्व र स्वाधीनताको रक्षा भई लैङ्गिक विभेद ह्रासोन्मुख अवस्थामा पुगी लैङ्गिक समानतायुक्त समाजको विकास सम्भव हुन्छ । त्यसैगरी मानवजीवनका आवश्यक अङ्गका रूपमा रहेका महिला र पुरूषको समविकास तथा उनीहरूका बिचमा आपसी समन्वय र सहकार्य हुँदा मात्र मानवजीवन सुखी र समुन्नत बन्न सक्ने विमर्शको प्रस्तुतिसमेत यस कथामा गरिएको छ । अतः मानवीय श्रेष्ठतालाई कलङ्कित तुल्याउने लैङ्गिक विभेदलाई किनाराकृत गरी इमानदारी र जवाफदेहिताका साथ पुरूषले महिलाको र महिलाले पुरूषको अस्तित्व र अस्मितालाई स्विकार्ने, एउटा पक्षले अर्को पक्षलाई हार्दिक प्रेम गर्ने, आपसी समन्वय र सहकार्यमा जीवन बिताउनेजस्ता कुराहरूलाई सर्वोपरि महत्त्व दिँदा समाजबाट लैङ्गिक विषमता हटी सामाजिक समता कायम भई समतामूलक समाजको स्थापना हुने र त्यस कार्यबाट

समग्र मानव, मानवजीवनमूल्य र मानवीय श्रेष्ठता कायम भई लोककल्याण हुने सचेतनाको सञ्चार यस कथामा गरिएको एवम् यस्तो लोकहितकारी विमर्शलाई जीवन्त, कलात्मक र प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट कलात्मक र सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा सशक्त रूपमा रहेको तथा साहित्यकारलाई लैङ्गिक समता र समविकासको केन्द्रीयतामा साहित्यिक कृतिको रचना, समालोचक र अध्येतालाई लैङ्गिक समालोचनाका आधारमा साहित्यिक कृतिको अध्ययन एवम् पाठकलाई लैङ्गिक समानता, सहकार्य र समन्यायको अवधारणाअनुसारको आचरण र व्यवहार अपनाई मानवजीवनको गरिमा, श्रेष्ठता र सार्थकता सिद्ध गर्ने कार्यमा सघाउने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, रोहिणी (सन् २०१४), *साहित्य की जमीन और स्त्री मन के उच्छ्वास*, नयी दिल्ली : वाणी प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (सन् २०१९), 'नेपाली कवितामा नारीचेतना', *Tribhuvan University Journal* 33(2), p.171-186, https://doi.org/10.3126/tuj.v33i2.33644.

गैरे, शङ्करप्रसाद (२०७८–२०७९), 'पिँधको मान्छे कवितामा सीमान्तीय अभिव्यक्ति', *Prajna Journal*, 123(1), p.187-197, https://doi.org/10.3126/prajna.v123i1.50109.

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद*, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

न्यौपाने, भागीरथा (२०७८–२०७९), 'नेपाली उपन्यासमा प्रयुक्त विभेदक उखान', *Prajna Journal*, 123(1), p.1-12, https://doi.org/10.3126/prajna.v123i1.50109.

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता*, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, गुरूप्रसाद (सन् २०२३), 'दसैँ र सहीको सही कथामा वर्गीय शक्तिसम्बन्ध', *Tribhuvan University Journal*, 38(1), p.154-169, https://doi.org/10.3126/tuj.v38i01.56214.

पौड्याल, शालिकराम (२०७८–२०७९), 'छाउपडी उपन्यासमा लैङ्गिकता', *Prajna Journal*, 123(1), p.198-207, https://doi.org/10.3126/prajna.v123i1.50280.

बरई, त्रिभुवन (सन् २०१९), 'एउटा छर्लङ्ग कथामा नारीवादी स्वर', *Tribhuvan University Journal*, 33(2), p.223-232, https://doi.org/10.3126/tuj.v33i2.33653.

बरई, त्रिभुवन (सन् २०२१), 'साल्गीको बलात्कृत आँसु कथामा बाह्यसीमित दृष्टिविन्दुको प्रयोग', *Curriculum Development Journal*,29(43), p.197-214, https://doi.org/10.3126/cdj.v29i43.41090.

बरई, त्रिभुवन (सन् २०२३), 'अनुराधा उपन्यासमा लैङ्गिकता', *Tribhuvan University Journal*, 38(1), p.170-183, https://doi.org/10.3126/tuj.v38i01.56215.

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरु', *भृकुटी* (भाग १९, असार), पृ. ३३५-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७६), 'लैङ्गिक समालोचना', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड, काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २५९–२७३ ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब (पाँचौँ संस्क.),* ललितपुर : साझा प्रकाशन ।

राई, यशोदा (२०७८–२०७९), 'खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना', *Prajna Journal*, 123(1), p.154-165, https://doi.org/10.3126/prajna.v123i1.50254.

शर्मा, तुलसी (२०७८–२०७९), 'उत्सर्ग उपन्यासमा लैङ्गिकता', *Prajna Journal*, 123(1), p.54-65, https://doi.org/10.3126/prajna.v123i1.50116.

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग (*दोस्रो संस्क.*)*, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण*, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

Abrams, M.H. & Harpham G.G. (2020). *A glossory of literary terms* (fourteenth reprinted). New Delhi : Cengage learning india private limited.

Bhasin.K. (2000). *Understanding gender*. New Delhi : Paul press.

Pilcher, J. & Wheleham, I. (2004). *50 Key concepts in gender studies*. New Delhi : SAJE publications.